राज कुमार लिम्बू
अध्यक्ष

मितिः२०८२/०५/०९ गतेको चौबिसे गाउँ कार्यपालिकाको १७९ औं बैठक द्वारा स्विकृतः

## चौबिसे गाउँपालिकाका गरीब तथा असाह्य बालबालिकाहरुको लागी बिशेषज्ञ चिकित्सकीय सेवा सम्बन्धी कार्यविधि निर्देशिका-२०८२

**प्रस्तावना**ः चौबिसे गाउँपालिकाको आ.व. २०८२/०८३ का लागी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार चौबिसे गाउँपालिकाका गरीब तथा असहाय बालबालिकाहरुलाई विशेषज्ञ चिकित्सकीय सेवा उपलब्ध गराउने सम्बन्धी कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गरी पालिकाका सबै बालबालिकालाई स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (क) यस मार्गदर्शन को नाम  चौबिसे गाउँपालिकाका गरीब तथा असहाय बालबालिकाहरुको लागी विशेषज्ञ चिकित्सकीय सेवा सम्बन्धी कार्यविधि निर्देशिका, २०८२" रहेको छ।

(ख) यो कार्यविधि निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि निर्देशिका माः-

(क) "अभिभावक" भन्नाले चौबिसे  गाउँपालिकाका बालबालिकाको बुवा वा आमा वा नीजको संरक्षकलाई सम्झनु पर्छ। सो शब्दले अनाथालय वा आश्रय स्थल वा छात्राबासमा रहेका बालबालिकाको हकमा सोको प्रमुख तथा कसैको कानून बमोजिमको संरक्षक वा आश्रयमा रहेका बालबालिका हकमा त्यस्ता संरक्षक वा आश्रयदातालाई समेत जनाउँछ।

(ख) "उपचार सेवा" भन्नाले किओच-दमक बाल अस्पतालले निर्धारण गरेको सहुलियत दरमा चौबिसे गाउँपालिकाले स्थापना गरेको स्वास्थ्य उपचार सुबिधा थैली अन्तर्गत प्राप्त हुने सेवा सुबिधा सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले चौबिसे गाउँपालिकाको गरीब तथा असहाय बालबालिकाहरुलाई बिशेषज्ञ चिकित्सकीय सेवा सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले चौबिसे गाउँपालिकालाई सम्झनु पर्छ।

राज कुमार लिम्बू
अध्यक्ष

राज कुमार लिम्बू
अध्यक्ष

(ङ) "बालबालिका" भन्नाले चौबिसे गाउँपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिक/अभिभावकहरु तथा प्रचलित कानून बमोजिम कसैको संरक्षणमा रहेका बालबालिका सम्झनु पर्छ।

(च) "कार्यविधि निर्देशिका" भन्नाले चौबिसे गाउँपालिकाको गरिब तथा असहाय बालबालिकाहरुलाई बिशेषज्ञ चिकित्सकीय सेवा सम्बन्धी कार्यविधि निर्देशिका २०८२ सम्झनु पर्छ।

(छ) "सेवा प्रदायक अस्पताल" भन्नाले किओच-दमक बाल अस्पताल समेतलाई सम्झनु पुर्छ।

(ज) "स्वास्थ्य शाखा" भन्नाले चौबिसे गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्छ।

## परिच्छेद-२

## उपचार उपलब्ध गराउने प्रक्रिया

### ३. उपचार सम्बन्धी व्यवस्था:

(१) उपचार सेवा प्राप्त गर्नको लागि बालबालिकाको उपचार गराउन गएको किओच-दमक बाल अस्पतालमा चौबिसे गाउँपालिका अन्तर्गतका वडाहरुमा रहेका स्वास्थ्य संस्थाहरुको विरामी बच्चाको रेफर पुर्जा/स्लिप संलग्न राखि सम्बन्धि वडा कार्यालयहरुबाट गरीब तथा विपन्नको सिफारिस गरी अभिभावकको कागजातसमेत संलग्न राखी अभिभावकलाई पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा किओच-दमक बाल अस्पतालले बालबालिकालाई यथाशिघ्र उपचार सेवा उपलब्ध गराउनु पर्नेछ।

तर, आकस्मिक कक्षमै भर्ना गरी उपचार गर्नु पर्ने बालबालिकाको हकमा आवश्यक सिफारिस पछि ल्याउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा उल्लेखित बिवरणहरु एकिन गरी उपचारका लागि रुजु तथा सिफारिश गर्न किचोच-दमक बाल अस्पतालले एक अधिकृतस्तरको कर्मचारीलाई जिम्मेवारी तोक्नु पर्नेछ र सोको जानकारी चौबिसे गाउँपालिकाको स्वास्थ्य शाखालाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अधिकृतको सिफारिशको आधारमा विशेषज्ञ उपचार सेवा प्राप्त गर्न योग्य बालबालिकालाई किओच-दमक बाल अस्पतालले निदानात्मक (प्रयोगशाला र रेडियोलोजी), बहिरंग परामर्श, अन्तरंग, शल्यक्रिया, फार्मेसी तथा पुनर्स्थापना लगायतका अस्पतालमा उपलब्ध आवश्यक सेवा प्रदान गर्नु पर्नेछ।

राज कुमार लिम्बू
अध्यक्ष

राज कुमार लिम्बू
अध्यक्ष

(५) यस कार्यक्रममा चौबिसे गाउँपालिकाले वीपन्न नागरिक तथा अपाङ्गता भएका व्यक्तिका परिवारका लागी गरिदिएको स्वास्थ्य बीमा कार्यक्रम वा नगरेका गरीब तथा असाह्य सवै परिवारका वालबालिकाहरुलाई सेवामा समेट्नेछ।

(६) यस कार्यक्रम अन्तर्गत सेवाका लागी प्रेषण भएका वालवालिकाहरुले पाउने उपचार बापतको अधिकतम् सुविधा रकम रु: ५०,०००/- (अक्षरेपी पचास हजार रुमैयाँ) बराबरको मात्र हुनेछ।

## परिच्छेद-३

## सेवा प्रदायक अस्पताल र सेवा प्रदान गरे बापतको रकमको भुक्तानी

**४. सेवा प्रदायक अस्पताल र सेवा प्रवाह सम्बन्धी व्यवस्था :**

(१) यो कार्यक्रम किओच-दमक बाल अस्पतालमा लागू हुनेछ।

(२) सेवा प्रदायक अस्पतालले चौबिसे गाउँपालिकाका बालबालिकाहरुलाई दफा ३ बमोजिमको उपचार सेवा द्विपक्षिय सम्झौतामा उल्लेख भएको व्यवस्था बमोजिम उपलब्ध गराउनु पर्नेछ।

(३) सेवा प्रदायक अस्पतालले विरामी बालबालिकालाई उपचार गर्दाका कागजातहरु बिरामी पुर्जा, ICU/CCU cardex, OT Notes. Discharge summary, Lab/radiology/Pharmacy को इलेक्ट्रोनिक प्रिन्टेट बिल र एक भन्दा बढी CTscan/MRI गरेको भएमा सोको रिपोर्ट समेत सुरक्षित राख्नु पर्नेछ।

**५. भुक्तानी सम्बन्धी व्यवस्था:** (१) सेवा प्रदायक अस्पतालले चौबिसे गाउँपालिकाका बालबालिकाहरुलाई सेवा उपलब्ध गराए बापत किओच-दमक बाल अस्पतालले दिने सहुलियत दररेट अनुसार दफा ४ को उपदफा (३) मा उल्लेखित कागजातको सक्कलै प्रति त्रैमासिक रुपमा चौबिसे गाउँपालिकाको स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ र सो को भुक्तानी चौबिसे गाउँपालिकाकोले त्रैमासिक रुपमा गर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको दाबीको मुल्यांकन गरी दाबी रकम चौबिसे गाउँपालिकाबाट बैंकिङ प्रणाली मार्फत सेवा प्रदायक अस्पताललाई भुक्तानी गरिनेछ।

**६. सेवा प्रदायक अस्पतालको काम र कर्तब्य:** सेवा प्रदायक अस्पतालको काम र कर्तव्य देहाय बमोजिम हुनेछ:

राज कुमार लिम्बू
अध्यक्ष

राज कुमार लिम्बू
अध्यक्ष

(क) सेवाग्राहीलाई शिष्टतापुर्बक व्यवहार गर्ने,

(ख) बालबालिकालाई गुणस्तरीय सेवा सुबिधा उपलब्ध गराउने,

(ग) दर्ता तथा सोधपुछका लागि उचित प्रबन्ध मिलाउने,

(घ) अस्पतालको आफ्नै परिसरमा चौविसै घण्टा संञ्चालन हुने फार्मेसीको व्यवस्था गरी औषधि उपलब्ध गराउने,

(ङ) सेवाग्राहीको गुनासो सुनुवाई र सोको व्यवस्थापन गर्ने, गराउने र

(च) सेवाग्राही भेला हुने स्थानमा श्रब्य दृश्य माध्यमबाट गरीब तथा असहाय बालबालिकाहरुलाई बिशेषज्ञ चिकित्सकिय सेवाको उपलब्धता सम्बन्धी सूचना स्थानीय भाषामा सम्प्रेषण गर्ने ।

**७. सेवा सम्झौता स्थगन वा रद्द गर्न सकिने अवस्थाः** (१) दफा ४ को उपदफा (२) बमोजिम चौबिसे गाउँपालिका र सेवा प्रदायक किओच-दमक बाल अस्पताल बीच भएको सेवा सम्झौता चौबिसे गाउँपालिका देहायको अवस्थामा जुनसुकै बखत स्थगन वा रद्द गर्न सक्नेछः-

(क) सेवा प्रदायक अस्पतालले सम्झौता बमोजिमको उपचार सेवा उपलब्ध नगराएमा,

(ख) सेवा प्रदायक अस्पतालले अभिलेख अद्यावधिक गरेको नदेखिएमा वा झुठा बिल वा झुठा प्रतिवेदन पेश गरेमा,

(ग) यस मार्गदर्शन बमोजिमको उपचार सेवा प्रवाह गर्दा लापरवाही गरेमा वा आफ्नो संस्थामा त्यस्तो सेवा उपलब्ध हुँदाहुँदै अन्यन्त्र प्रेषण गरेमा र

(घ) सेवा प्रदायक अस्पतालले यस मार्गदर्शन बमोजिमको उपचार सेवा प्रवाहको सुदृढीकरण सम्बन्धमा पालिकाले दिएको निर्देशन पालना नगरेमा ।

(२) उपदफा (१) बमोजिम सम्झौता रद्द गर्नु अघि गाउँपालिकाले सेवा प्रदायकलाई सफाई पेश गर्न मनासिव देखेको अवस्थामा माफीको मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सफाई सन्तोषजनक नदेखिएमा गाउँपालिकाले तीन महिनाको लागि सम्झौता स्थगन गर्न वा पूर्णरुपमा रद्द गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झौता स्थगन वा रद्द भएको सेवा प्रदायकले सेवा प्रवाहमा सन्तोषजनक सुधार गरेको पर्याप्त आधार सहित निवेदन दिएमा गाउँपालिकाले आवश्यक छांनवीन गरी सम्झौता बमोजिमका सेवा पुनः सूचारु हुने कुरामा गाउँपालिका विश्वस्त भएमा स्थगन वा रद्द भएको सम्झौता फुकुवा गर्न वा पुनः सम्झौता गर्न सक्नेछ ।

राज कुमार लिम्बू
अध्यक्ष

राज कुमार लिम्बू
अध्यक्ष

(५) सेवा प्रदायक अस्पतालले सेवा सम्झौता गाउँपालिका समक्ष सेवा सम्झौता भङ्ग गर्नु पर्नाको कारण खुलाई कम्तिमा एक महिना अगावै सूचना दिनु पर्नेछ ।

**८. दाबी समिक्षा मूल्याङ्कन समिति सम्बन्धी व्यवस्था:** गाउँपालिकाले यस कार्यक्रम अन्तर्गत सेवा प्रदायक अस्पतालले प्रदान गरेको उपचार सेवा बापत भुक्तानी हुनु पर्ने रकम सम्बन्धमा कुनै विवाद वा अस्पष्टता देखिएमा सो बिषयमा आवश्यक छानविन गरी सम्बन्धित गाउँपालिकाले निर्देशन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक दावी समिक्षा तथा मूल्याङ्कन समिति गठन गर्न सक्नेछ-

(क) लेखा अधिकृत चौबिसे गाउँपालिका, संयोजक

(ख) स्वास्थ्य शाखा प्रमुख, सदस्य

(ग) गाउँपालिकाले तोकेको अधिकृत तहको फार्मेशी वा पारामेडिक्स , सदस्य

चौबिसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
२०७३

## परिच्छेद-४

## विविध:

**९. बजेट व्यवस्थापन सम्बन्धी व्यवस्था:** (१) गरिब तथा असाहय बालबालिकालाई बिशेषज्ञ सेवा उपलब्ध गराउन लाग्ने रकम गाउँपालिकाले बार्षिक बजेट यस मार्गदर्शन बमोजिम प्रदान गरिने तथा कार्यक्रममा समाबेश गरी व्यवस्थापन गर्नेछ ।

(२) सेवा प्रदायक अस्पतालबाट दफा (५) बमोजिम दाबी गरिएको रकमको भुक्तानी गाउँपालिकाबाट गरिनेछ ।

(३) चालु आर्थिक बर्षमा स्वीकृत विनियोजित बजेट अपुग भएमा गाउँपालिकाले अन्तरिक श्रोतबाट आवश्यक व्यवस्था गरिनेछ ।

**१०. सम्पर्क व्यक्ति तोक्ने सम्बन्धी व्यवस्था:** चौबिसे गाउँपालिका,स्वास्थ्य शाखाले यस कार्यक्रमका लागि एक जना सम्पर्क व्यक्ति तोक्नु पर्नेछ र त्यस्तो सम्पर्क व्यक्तिको नाम, सम्पर्क नम्बर र ईमेल ठेगाना पालिका मार्फत सेवा प्रदायक अस्पतालमा पठाउनु पर्नेछ ।

**११. गरीब तथा असाह्य बालवालिकाका परिवारको छनौट तथा सिफारिस साथै अभिलेख सम्बन्धी व्यवस्था:**

(क) गरीब तथा असाह्य बालबालिकाहरुलाई बिशेषज्ञ चिकित्सकीय सेवा लिनको आकस्मिक वा जटील स्वास्थ्य समस्या नभएको अवस्थामा सम्बन्धित अभिभावकले अनुसुचि-१ बमोजिम सम्बन्धित वडा

राज कुमार लिम्बू
अध्यक्ष

राज कुमार लिम्बू
अध्यक्ष

अध्यक्षलाई सम्वोधन गरि निवेदन दिने तथा स्थानीय स्वास्थ्य संस्थाको प्रेषण पूर्जा सहित यस सँग सम्बन्धित अनुसुचि-२ बमोजिमको ढाँचामा सम्बन्धित वडाबाट सिंफारिस पत्र आईसकेपछि चौबिसे गाउँकार्यपालिकाबाट पनि यसै सँग सम्बन्धित अनुसुचि-३ बमोजिमको ढाँचामा किओच-दमक वाल अस्पताल, दमक झापालाई सिफारिस गरि पठाउनु पर्नेछ ।

(ख) यस कार्यक्रम अन्तर्गत उपलब्ध गराईएको सेवा सम्बन्धी अभिलेख सम्बन्धित सेवा प्रदायक अस्पताल र चौबिसे गाउँपालिकाले कम्तिमा ५ बर्ष सम्म सुरक्षित र व्यवस्थित रुपमा राखु पर्नेछ ।

**१२. दोहोरो सेवा नदिइने व्यवस्था:**

(१) कुनै पनि बालबालिकालाई यस कार्यक्रम अन्तर्गत प्रदान गरिएको सेवा सम्बन्धी बिलको भुक्तानी दाबी अन्य कुनै पनि निःशुल्क, सहायतता, स्वास्थ्य बीमा वा उपचार सेवा कार्यक्रममा गर्न पाईने छैन ।

(२) यस कार्यक्रम अन्तर्गत प्रयुक्त हुने प्रत्येक बिलमा " चौबिसे गाउँपालिकाका गरीब तथा **असहाय** बालबालिकालाई बिशेषज्ञ सेवा कार्यक्रम" भन्ने नाम उल्लेख भएको हुनु पर्नेछ ।

(३) नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम तथा संघीय, प्रदेश वा स्थानीय तहबाट संचालित अन्य कुनै पनि कार्यक्रमले दिने सेवा सुबिधा सँग दोहोरो हुने गरी भुक्तानी दाबी गर्न पाईने छैन र त्यस्तो दाबीको भुक्तानी गरिने छैन।

**१३. झुष्ठा विवरण पेश गरी निःशुल्क उपचार सेवा लिन नहुने:** कसैले झुठो विवरण पेश गरी उपचार सेवा लिनु र दिनु हुदैन। झुठ्ठा विवरण पेश गरी गरिएको दाबीको भुक्तानी गरिने छैन । साथै झुष्ठा विवरण पेश गरेको ठहरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

**१४. अनुगमन तथा मुल्यांकन सम्बन्धी व्यवस्था:** यस कार्यक्रमको अनुगमन गाउँपालिका र स्वास्थ्य शाखाले गर्नेछ । गाउँपालिकाले सेवा प्रदायक अस्पतालबाट प्रदान गरिने उपचार सेवाको क्लिनिकल अडिट गर्ने सक्नेछ ।

**१५. उजुरी सम्बन्धी व्यवस्था:** (१) सेवा प्रदायक अस्पतालले प्रवाह गरेको उपचार सेवा उपर उजुरी गर्न चाहेमा ऊजुर गर्न चाहने व्यक्तिले स्वास्थ्य शाखा तथा गाउँपालिकामा लिखित उजुरी दिन सक्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिम प्राप्त उजुरी सम्बन्धमा छानवीन गरी आवश्यक प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

**१६.मार्गदर्शन मा संशोधन सम्बन्धी व्यवस्था:** गाउँपालिका र सेवा प्रदायक अस्पतालको आपसी समझदारीमा आवश्यकता अनुसार यस मार्गदर्शन मा संशोधन गर्न सक्नेछ ।

राज कुमार लिम्बू
अध्यक्ष

राज कुमार लिम्बू
अध्यक्ष

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
२०७३

## अनुसूची-१

(परिच्छेद-४ को बुँदा ११ (क) सगँ सम्बन्धित निवेदनको ढाँचा)

चौविसे गाउँकार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
कोशी, प्रदेश, नेपाल

विषयः- स्वास्थ्य उपचार सहुलियतको लागि आवेदन।

श्रीमान् अध्यक्ष ज्यु,
चौविसे गाउँपालिका, ....... नं. वडा कार्यालय, ........................... , धनकुटा।

उपरोक्त सम्बन्धमा यस चौविसे गाउँपालिका वडा नं.- ...... स्थित .................................. टोलमा स्थायी बसोवास गर्ने म ......................................... को वर्ष .......... का छोरी/छोरा ............................................... को हाल .....................................सम्बन्धि रोग/समस्या देखिई यसै वडाको स्वास्थ्य संस्थामा उपचार सम्भव नभएको साथै मेरो आर्थिक तथा पारिवारीक अवस्था समेत कमजोर भएकोले थप उपचारको लागी समस्या परेको हुँदा चौबिसे गाउँपालिंका बाट ब्यवस्था भएको गरीब तथा असाह्य बालबालिकाहरुलाई बिशेषज्ञ चिकित्सकीय सेवा बाट स्वास्थ्य उपचार सुविधाको लागी सिफारिस गरिपाउन यो निवेदन पेश गरेको छु।

निवेदकको नामः-

ठेगानाः-

नागरिकता नं.-

सम्पर्क नः-

राज कुमार लिम्बू
अध्यक्ष

राज कुमार लिम्बू
अध्यक्ष

## अनुसूची–२

(परिच्छेद-४ को बुँदा ११ (क) सगँ सम्बन्धित वडाको सिफारिसको ढाँचा)

चौबिसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
२०७३

मितिः- ..............................

श्री चौबिसे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय , राजारानी, धनकुटा ।

विषयः- सिफारिस सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा गरीब तथा असाह्य वालवालिकाहरुको लागी विशेषज्ञ चिकित्सकिय सेवा सम्बन्धि चौबिसे गाउँपालिका तथा किओच-दमक वाल अस्पताल, दमक झापा विच भएको संझौता अनुसार यस चौबिसे गाउँपालिका वडा नं.- ...... स्थित .............................. टोलमा स्थायी बसोवास भएका श्री .................................... ले दिनुभएको निवेदन अनुसार नीजका वर्ष .......... का छोरी/छोरा को श्री ............................................ को हाल .................................. सम्बन्धि रोग/समस्या देखिई यसै वडाको स्वास्थ्य संस्थामा उपचार सम्भव नभएको साथै नीजको आर्थिक तथा पारिवारीक अवस्था समेत कमजोर र दयनीय रहेको हुँदा सम्बन्धित स्वास्थ्य संस्थाको प्रेषण पूर्जा सहित सेवा संचालन सम्बन्धि कार्यविधिमा उल्लेखित व्यवस्था बमोजिम थप विशेषज्ञ चिकित्सकिय सेवा पाउनका लागी सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

..............................
वडा अध्यक्षको दस्तखतः

वडा कार्यालयको छाप :

राज कुमार लिम्बू
अध्यक्ष

राज कुमार लिम्बू
अध्यक्ष

चौबिसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
२०७३

अनुसूची–३

(परिच्छेद-४ को बुँदा ११ (क) सगँ सम्बन्धित वडाको सिफारिसको ढाँचा)

मितिः- ................................

श्री किओच-दमक वाल अस्पताल, दमक झापा।

विषयः- सिफारिस सम्बन्धमा।

उपरोक्त सम्बन्धमा गरीब तथा असाह्य वालवालिकाहरुको लागी बिशेषज्ञ चिकित्सकिय सेवा सम्बन्धि चौबिसे गाउँपालिका तथा तहाँ अस्पताल वीच संझौता अनुसार यस गाउँपालिकाको ....... नं. वडाको ........................ टोलमा स्थायी बसोवास भएका श्री ...................................... का वर्ष ......... का छोरी/छोरा .................................................. हाल .................................. सम्बन्धि रोग/समस्या देखिएकोमा स्थानीय स्वास्थ्य संस्थामा उपचार सम्भव नभएको साथै सम्बन्धित वडा कार्यालयको मितिः- .............................. को सिफारिस पत्रानुसार नीजको आर्थिक तथा पारिवारीक अवस्था समेत कमजोर र दयनीय रहेकोले सम्बन्धित स्वास्थ्य संस्थाको प्रेषण पूर्जा सहित सेवा संचालन सम्बन्धि कार्यविधिमा उल्लेख भए अनुसारको थप विशेषज्ञ चिकित्सकिय सुविधा दिनको लागी तहाँ अस्पतालमा सिफारिस गरि पठाईएको छ ।

.........................................
प्रमुख प्रशासकिय अधिकृत

कार्यालयको छाप :

राज कुमार लिम्बू
अध्यक्ष